**जातीय समानता प्रवर्द्धन सम्बन्धी**
**विद्यमान तथा योजनाबद्ध उपायहरु**

# शहर पुनर्निर्माण प्राधिकरण
# (अर्बन रिन्यूवल अथोरिटी)

शहर पुनर्निर्माण प्राधिकरण ("URA") शहरी क्षतिको समस्यालाई सम्बोधन गर्ने र पुराना जिल्लाका बासिन्दाहरुको बसोबासलाई व्यवस्थित गर्ने दृष्टिकोणका साथ हङकङको शहर पुनर्निर्माण गर्ने, प्रोत्साहित गर्ने, प्रवर्द्धन गर्ने र सहजीकरण गर्न शहर पुनर्निर्माण प्राधिकरण अध्यादेश (क्याप 563) अन्तर्गत स्थापित संयुक्त संस्था हो ।

हङकङको शहर पुनर्निर्माण गर्ने क्रममा URA ले हङकङका जनतालाई उनीहरुको भाषा र संस्कृति जुनसुकै भए पनि सार्वजनिक सेवामा समान पहुँच सुनिश्चित गर्न ठूलो महत्त्व प्रदान गर्दछ । URAले विभिन्न भाषाहरु र संस्कृतिका जनताहरुलाई सार्वजनिक सेवाहरुसम्म पहुँच पुर्याउन उपयुक्त र व्यवहारिक सहयोगी कदमहरु चालेको छ ।

| | |
|---|---|
| सम्बन्धित सेवाहरु | ● URAले हङकङका जनताका लागि दिगो र गुणस्तरीय जीवन यापनको लागि दुई मुख्य व्यवसायहरु अर्थात पुनर्निर्माण र पुनःस्थापनासँगै सम्पदा संरक्षण र पुनरुद्धारको माध्यमबाट व्यापक र समग्र दृष्टिकोण अपनाउँछ । |
| विद्यमान उपायहरु | ● URA ले सार्वजनिक सेवाहरुको प्रावधानमा चिनियाँ वा अंग्रेजी (जस्तो मामलामा आवश्यक हुन्छ) प्रयोग गर्दछ ।<br>● URA को वेबसाइटमा जानकारी चिनियाँ र अंग्रेजीमा छन् ।<br>● URA का सार्वजनिक सेवाहरुका जानकारी पर्चा चिनियाँ र अंग्रेजी मा प्रकाशित हुन्छन् ।<br>● URA ले आफ्नो वेबसाइटमा अधिग्रहण र क्षतिपूर्ति/ पुनर्वास बारे जानकारी पर्चाहरु तल दिईएका 9 भाषाहरु बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पंजाबी, तागालग, थाई, उर्दू र भियतनामीमा अनुवाद र अपलोड गरेको छ:<br>1. घरेलु सम्पत्तिका मालिक (डोमेस्टिक प्रोपर्टी ओनर)- अधिग्रहण क्षतिपूर्ति स्मार्ट टिप्स (मालिक स्वयंम बसोबास गरिराखेका);<br>2. घरेलु सम्पत्तिका मालिक- अधिग्रहण क्षतिपूर्ति स्मार्ट टिप्स (भाँडामा दिएको);<br>3. घरेलू सम्पत्तिका मालिक (डोमेस्टिक प्रोपर्टी ओनर)- अधिग्रहण क्षतिपूर्ति स्मार्ट टिप्स ( खाँली रहेको); |

4. गैर-घरेलू सम्पत्तिका मालिक- अधिग्रहण क्षतिपूर्ति स्मार्ट टिप्स (मालिक स्वयंम बसोबास गरिराखेका );
5. गैर-घरेलू सम्पत्तिका मालिक- अधिग्रहण क्षतिपूर्ति स्मार्ट टिप्स (भाँडामा दिएको);
6. गैर-घरेलू सम्पत्तिका मालिक- अधिग्रहण क्षतिपूर्ति स्मार्ट टिप्स (भाँडामा दिएको);
7. घरेलु सम्पत्तिका भाडादार (डोमेस्टिक प्रोपर्टी टेनेन्ट)- अनुग्रह भत्ता/ पुर्नवास स्मार्ट टिप्स;
8. घरेलु सम्पत्तिका मुख्य भाडादार - अनुग्रह भत्ता/ पुर्नवास स्मार्ट टिप्स;
9. गैर-घरेलू सम्पत्तिका भाडादार- अनुग्रह भत्ता स्मार्ट टिप्स

- URA ले विभिन्न भाषा बोल्ने सेवाग्राहीहरुलाई URA सार्वजनिक सेवाहरु बारे सोधपुछको जवाफ दिन सेन्टर फर हार्मोनी एण्ड एन्हेन्स्मेन्ट अफ एथ्निक माइनोरिटी रेसिडेन्टस् (“CHEER”) द्वारा सोहि समयमा तीन-तर्फी टेलिफोन व्याख्या सेवा(बहासा इन्डोनेसिया, हिन्दी, नेपाली, पंजाबी, तागालोग, थाई, उर्दू वा भियतनामी) प्रदान गर्दछ ।
- विभिन्न भाषा बोल्ने सेवाग्राहीहरुलाईसँग सञ्चार सहज गर्न CHEER द्वारा तयार गरेको भाषा पहिचान कार्ड URA को कार्यालयहरु र सेवा केन्द्रहरुको स्वागत कक्ष/ काउन्टरहरुमा उपलब्ध छ ।
- URAले आफ्ना कर्मचारीहरुलाई जाति सम्बन्धी मुद्दाहरु बारे बुझ्न सिक्ने सामग्रीहरु र तालिम कोर्सहरु उपलब्ध गरेका छन्, जस्तै:

1. ई-लर्निङ कोर्सहरू:
   - "चुङकिङ म्यान्सनको भ्रमण-ले चुङकिङ म्यान्सन्सको बहुसांस्कृतिक वातावरण र हङकङको पहिलो दर्ता प्राप्त अल्पसंख्यक जातीय सामाजिक कार्यकर्ताको परिचय दिन्छ ।"
   - "प्रोजेक्ट केस सेरीङ - बाहालमा बस्ने अल्पसंख्यक जातीयको मुद्दा"- वास्तविक जीवनको आवास मुद्दा मार्फत अल्पसंख्यक जातीयका आवश्यकता बारे बुझाइलाई गहिरो बनाउँछ;
   - "आधारभूत थाई अभिवादन र सांस्कृतिक शिष्टाचारको परिचय"- कर्मचारीहरूलाई थाई सेवा प्राप्तकर्ताहरूसँग सम्मानजनक सम्बन्ध निर्माण गर्न मद्दत गर्दछ; र
   - "हङकङमा भेदभाव विरोध कानून"- मुख्यरुपमा भेदभाव विरोधी कानून र दायित्वहरूको रूपरेखा प्रस्तुत गर्दछ;

2. प्रदान गरिएका कार्यशालाहरू:
    - "सांस्कृतिक भिन्नताहरूसँग व्यवहार गर्ने"- कर्मचारीहरूलाई सांस्कृतिक भिन्नताहरू बारे बुझाउन रणनीतिहरू बनाउने;
    - "आधारभूत थाई अभिवादन र सांस्कृतिक शिष्टाचारको परिचय"
    - "हङकङको भेदभाव विरोधी कानूनको परिचय"; र
    - मानव प्रबन्धकहरूको लागि "कार्यस्थलमा भेदभाव र उत्पीडनको व्यवस्थापन"

- थाई बासिन्दाहरू र सो जिल्लाका व्यापारीहरु बीच काउलुन सिटी जिल्लाको URA पुनर्निर्माण परियोजनाहरू बारे जानकारी प्रसारित गरी उनीहरुको राय संकलन गर्ने र पुनर्निर्माण परियोजना कार्यान्वयन गर्नमा सहयोग पुर्याउन URAले क्रिस्चियन एण्ड मिसनरी एलायन्स चर्च युनियन हङकङको ब्लेसिङ थाई सर्भिस सेन्टरसँग सहकार्य गरी 30 जना थाई स्वयंसेवकहरू सहित "थाई सेवा टोली" गठन गरेको छ र पुन: विकास परियोजनामा परेका थाई बासिन्दाहरुलाई थाई भाषामा अद्यावधिक जानकारी दिन आवश्यक परेको खण्डमा सहज रुपमा सञ्चार गर्न स्थानमा अनुवादन सेवा सहित ब्रीफिङ सत्रहरु सञ्चालन गरिनेछ।

भावी कार्यको मूल्यांकन

- URA ले नियमित रुपमा विभिन्न भाषाहरु तथा संस्कृतिका सेवाग्राही हरुको आवश्यकता र चासोहरुको (यदि कुनै छ भने) सम्बोधन गरी उचित रुपमा सुधार ल्याउन URA को सार्वजनिक सेवाहरुको प्रावधानको प्रभावकारिताको समीक्षा गर्नेछ।
- URA द्वारा विभिन्न भाषा तथा संस्कृतिका सेवाग्राहीहरुको प्रतिक्रिया र सुझावहरु बारेमा (यदि कुनै छ भने) सार्वजनिक सेवाहरुको प्रावधानमा निरन्तर सुधारको लागि विचार गरिनेछ।

| | |
|---|---|
| अपनाएका/अपनाइनु पर्ने थप उपायहरु | ● URA ले निम्न जारी राख्नेछ |

– URA का सार्वजनिक सेवाहरु बारे विभिन्न भाषा तथा संस्कृतिका सेवाग्राहीहरुको आवश्यकताहरु र चासोहरुमा  ध्यान दिने र URAका सार्वजनिक सेवाहरुमा उनीहरुको समान पहुँच सुनिश्चित गर्न उपयुक्त र व्यवहारत्मक सुधारहरु पत्ता लगाउने;

– उपयुक्त र व्यावहारिक भएमा, URA ले प्रासंगिक सार्वजनिक सेवा सुरु गरेको बेला विभिन्न भाषा बोल्ने सेवाग्राहीहरुमा वितरण गर्न चिनियाँ र अंग्रेजी बाहेक अन्य भाषाहरुमा सान्दर्भिक URA सार्वजनिक सेवाबारे जानकारी पत्र/ पर्चा अनुवाद गर्ने;

– जहाँ उपयुक्त र व्यवहारिक हुन्छ, त्यँहा विभिन्न भाषा बोल्ने सेवाग्राहीहरुलाई URA का सार्वजनिक सेवाहरुसम्म समान पहुँचको लागि दोभाषे सेवाहरुको व्यवस्था गर्ने;

– विभिन्न भाषा बोल्ने सेवाग्राहीहरुलाई URA को सार्वजनिक सेवाहरुको समान पहुँचको लागि उपयुक्त सञ्चार माध्यमहरु/ प्रविधिहरुको प्रयोग अन्वेषण गर्ने;

– विभिन्न भाषा बोल्ने सेवाग्राहीहरुलाई URA का सार्वजनिक सेवाहरुसम्म पहुँच पुर्याउन साथै URA का विशिष्ट उपायहरुको उपलब्धता र प्रबन्धहरु बारे सुचित गर्न उपयुक्त प्रचार माध्यमहरुको उपयोगको अन्वेषण गर्ने;

– जातीय मुद्दाहरुमा फ्रन्ट-लाइन स्टाफलाई प्रशिक्षण प्रदान गर्ने, जस्तै हङकङका विभिन्न भाषा र संस्कृतिका व्यक्तिहरु र दोभाषे सँग शिष्टाचारका साथ प्रभावकारी रुपमा काम गर्ने सीपहरु तथा तरिकाहरु;

– अनुवाद र दोभाषे सेवाहरुको लागि विभिन्न भाषा बोल्ने सेवाग्राहीरुको अनुरोधहरु तथा सेवा र स्रोतहरुको समीक्षाहरुको लागि उनीहरुलाई प्रदान गरिएका सेवाहरुको संख्याको संकलन गर्ने; साथै

– विविध भाषा तथा संस्कृतिका सेवाग्राहीहरुको आवश्यकतालाई ध्यानमा राख्नेछ र उचित तथा सहयोगका उपायहरु व्यवाहारिक भएसम्म URA का सार्वजनिक सेवाहरु सम्म समान पहुँच सुनिश्चित गर्नेछ ।

जातीय समानता प्रवर्द्धन सम्बन्धी विद्यमान तथा योजनाबद्ध उपायहरु बारे सोधपुछ गर्न, कृपया तलका माध्यमहरु मार्फत URA लाई सम्पर्क गर्नुहोस्-


| | | |
|---|---|---|
| टेलिफोन नं. | : | 2588 2333 |
| फ्याक्स नं. | : | 2827 0176 / 2827 0085 |
| ईमेल | : | inquiry@mail1.ura.org.hk |
| पत्राचार ठेगाना | : | 26/F COSCO Tower, 183 Queen's Road Central, Hong Kong |


**शहर पुनर्निर्माण प्राधिकरण**
**मे 2026**